कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम् काम कारोवार गर्न इजाजतपत्र प्राप्त

# उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## Unnati Microfinance Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (१५ जिल्ला कार्यक्षेत्र भएको)

सिद्धार्थनगर नगरपालिका १२, रुपन्देही
फोन न. ०७१–५२११२६, ०७१–५२११२७ र फ्याक्स नं.०७१–५२११२७
इमेलः info@unnatimfi.com.np वेभसाइटः www.unnatimfi.com.np

को

# "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु"

दरखास्तसाथ प्रति साधारण शेयर रु १००।- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

रु ५,५०,००,०००/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ५,५०,००० कित्ता साधारण शेयरको पाँच शेयर बराबर एक शेयर (५ : १) (अर्थात विद्यमान पाँच कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधारण शेयर) को अनुपातमा रु १,१०,००,०००/- बराबरको प्रति शेयर १००/–अंकित दरका १,१०,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्‍घोषणः**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यबस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३"र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । यस वित्तीय संस्थाले गर्ने भएको काममा निहित सम्भावित आर्थिक जोखिमहरु बारे यस विवरणको दफा "थ" मा उल्लेख गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मितिः २०७५/०९/२०
निष्काशन खुल्ला हुने मिति २०७५/११/१३
निष्काशन बन्द हुने मिति २०७५/१२/१७

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः**

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**

पो.व.नं.२१२००, नारायणचौर, काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५
फ्याक्स नं. ४४२०९२९
इमेलःscl@siddharthacapital.com
वेवसाइटः www.siddharthacapital.com

**क)** **संगठित संस्थाको नाम :** उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
UNNATI MICROFINANCE BITTIYA SANSTHA LIMITED

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय लुम्बिनी अंचल, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ मा रहेको छ।

**ग)** **कारोवार स्थान :** यस कम्पनीको रजिष्टर्ड कार्यालय लुम्बिनी अंचल, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ मा रहेको छ। यस संस्थाको शाखा कार्यालयहरु तलको तालिका बमोजिम रहेको छ साथै आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्रमा शाखा, उपशाखा वा अन्य कार्यालय स्थापना गरी कारोवार गर्न सक्नेछ।

| क्र.स. | शाखा कार्यालय | ठेगाना |
|---|---|---|
| १. | शिवपुर शाखा | शिवपुर ६,चन्द्रौटा |
| २. | बोडगाँउ शाखा | मोतिपुर ६, कपिलवस्तु |
| ३. | कृष्णनगर शाखा | कृष्णनगर ६, कपिलवस्तु |
| ४. | घोरबन्दा शाखा | चिर्तुङधारा ७, पाल्पा |
| ५. | गोरुसिंगे शाखा | जयनगर ७, कपिलवस्तु |
| ६. | मैनिहवा शाखा | दोहनी ४,कपिलवस्तु |
| ७. | पकडी शाखा | पकडी २, कपिलवस्तु |
| ८. | रिडिबजार शाखा | रुरु ६, गुल्मी |
| ९. | नेटाबजार शाखा | गौंडाकोट ७, गुल्मी |
| १०. | फुदवाङ शाखा | खाँचीकोट ५, गुल्मी |
| ११. | हाटिबनगाइ शाखा | हाटीबनगाइ ४, रुपन्देही |
| १२. | शंकरपुर शाखा | सिक्टहन ६, रुपन्देही |
| १३. | नारायणस्थान शाखा | नारायणस्थान ८, बाग्लुङ |
| १४. | मर्यादपुर शाखा | मर्यादापुर २, रुपन्देही |
| १५. | जस्पुर शाखा | नयाँगाउँ १, प्युठान |
| १६. | मरन्ठाना शाखा | प्युठान न.पा. १७, प्युठान |
| १७. | चुवा शाखा | कुस्मा न.पा. १२, पर्वत |
| १८. | हरैया शाखा | रुद्रपुर ९, रुपन्देही |
| १९. | गजेडी शाखा | गजेडी ४, रुपन्देही |
| २०. | मंगलपुर शाखा | बिष्णुपुरा ४, रुपन्देही |
| २१. | धकधई शाखा | धकधई ६, रुपन्देही |
| २२. | पडसरी शाखा | पडसरी १, रुपन्देही |
| २३. | बकुली शाखा | मानमटेरिया ६, रुपन्देही |
| २४. | मल्लाजमाजफाँट शाखा | मल्लाजमाजफाँट ३, पर्वत |
| २५. | बाँसगढी शाखा | सैनामैना न.पा. १०, रुपन्देही |
| २६. | नयाँगाउँ शाखा | बुटवल उप महा न.पा. १५, रुपन्देही |
| २७. | महिलवार शाखा | लुम्बिनी सांस्कृतिक न.पा. १०, रुपन्देही |
| २८. | महाराजगञ्ज शाखा | महाराजगञ्ज न.पा. २, कपिलवस्तु |
| २९. | बाग्लुङ शाखा | बाग्लुङ न.पा. १, बागलुङ |
| ३०. | किसानबारी शाखा | रामपुर न.पा. ७, पाल्पा |
| ३१. | योगिकुटी शाखा | तिलोत्तमा न.पा. १, रुपन्देही |
| ३२. | भलुहि शाखा | देवदह न.पा. ९, रुपन्देही |
| ३३. | बाबियाचौर शाखा | मंगला २, बाबियाचौर |
| ३४. | जोमसोम शाखा | घोरपभ्फोङ्ग ३, मुस्ताङ |
| ३५. | राजाको चौतारा | रुपा ६, कास्की |

| | | |
|---|---|---|
| ३६. | बाडखोला | पुतलीबजार न.पा. ३, स्याङ्गजा |
| ३७. | जहरे शाखा | भरीगंगा न.पा. ९, सुर्खेत |
| ३८. | लिवाङ्ग शाखा | रोल्पा न.पा. २, रोल्पा |
| ३९. | बालुवासंग्रही शाखा | बनगाड कुपिन्डे न.पा. ११, सल्यान |

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**कम्पनीको संक्षिप्त परिचय :**

उन्नती माइक्रोफाइनान्स वित्तीय संस्था २०७०/०९/१७ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । यस वित्तीय संस्थाले मिति २०७१।०६।१३ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७१।०७।२१ गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ गरेको यस वित्तीय संस्थाको कार्य क्षेत्र रुपन्देही, पाल्पा, प्युठान, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पर्वत, बाग्लुङ्ग, म्याग्दी, मुस्ताङ्ग, कास्की, सल्यान, रोल्पा, स्याङ्गजा र सुर्खेत जिल्ला रहेका छन् । यस वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, पर्यटन तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ ।

**कम्पनीको उद्देश्य :**

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट विपन्न तथा निम्न वर्गलाई गुणस्तरीय तथा भरपर्दो लघु वित्तीय सेवा उपलब्ध गराउने ।

(ख) कृषि, लघुउद्योग, सेवा, लघुव्यापार तथा अन्य व्यवसायिक रुपले सम्भावना देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक लघु वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषिक्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) लघुवित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मदत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,

(ङ) देशको समग्र लघुवित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

**ङ) शेयर पूँजीको संरचना :**

क) **अधिकृत पूँजी** : वित्तीय संस्थाको अधिकृत पूँजी रु. ११,००,००,०००।- (अक्षरेपी एघार करोड) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले ११,००,००० (एघार लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) **जारी पूँजी :** वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. ६,६०,००,०००।- (अक्षरेपी छ करोड साठी लाख) रहेको छ । उक्त पूँजीलाई रु.१००।– का दरले ६,६०,००० (छ लाख साठी हजार) थान शेयरमा विभाजन गरिएको छ ।

ग) **चुक्ता पूँजी** : हाल यस वित्तीय संस्थाको चुक्ता पूँजी रु. ५,५०,००,०००/-(अक्षेरुपी पाँच करोड पचास लाख मात्र ) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ५,५०,००० ( पाँच लाख पचास हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी रु ६,६०,००,००० /-(अक्षेरुपी छ करोड सतासी लाख पचास हजार) हुनेछ ।

**च)** **हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात हुने संगठित संस्थाको चुक्ता पूंजीको स्थिती :**

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पूर्व हुने चुक्ता पूंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ३,८५,००० | ७०% | ३,८५,००,००० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १,६५,००० | ३०% | १,६५,००,००० | शतप्रतिशत |
| | **जम्मा** | **५,५०,०००** | १०० % | **५,५०,००,०००** | |

**हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने चुक्ता पूंजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४,६२,००० | ७०% | ४,६२,००,००० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १,९८,००० | ३०% | १,९८,००,००० | शतप्रतिशत |
| | **जम्मा** | **६,६०,०००** | १०० % | **६,६०,००,०००** | |

**छ)** **हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

| शेयरधनी नं. | शेयरधनीको नाम | ठेगना | शेयर संख्या |
|---|---|---|---|
| १. | श्री रामचन्द्र आचार्य | पाल्पा जिल्ला रुपसे माडी गा.वि.स. ३ | १४१५४ |
| २. | श्री धन कुमारी पाठक | बाग्लुङ्ग जिल्ला नारायण स्थान गा.वि.स ९ | १४३०० |
| ३. | श्री गोविन्द रावल | रुपन्देही जिल्ला टिकुलीगढ गा.वि.स.३ | १२८६७ |
| ४. | श्री ज्योति अधिकारी | रुपन्देहीजिल्ला सि.न.पा. ८ | १०००० |
| ५. | श्री शेर बहादुर क्षेत्री | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ७ | १४३०१ |
| ६. | श्री टिका उप्रेती | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ८ | १२५०० |
| ७. | श्री लक्ष्मण सुवेदी | रुपन्देही जिल्ला टिकुलिगढ गा.वि.स ४ | १०००० |
| ८. | श्री भरत कुमार शाह | सल्यान जिल्ला खलङ्गा गा.वि.स. ५ | १४३०० |
| ९. | श्री नारायण प्रसाद घिमिरे | पाल्पा जिल्ला बरांदी गा.वि.स. ७ | १४३०१ |
| १०. | श्री मनोज उपाध्याय | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ८ | १२५०० |
| ११. | श्री अनिता (ढुंगाना) शाह | लमजुङ्ग जिल्ला इन्देश्वर गा.वि.स.३ | १४३०० |
| १२. | श्री हेमन्त कुमार अग्रवाल | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ५ | १२५०० |
| १३. | श्री शकुन अग्रवाल | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ४ | ५००० |
| १४. | श्री खड्ग बहादुर राना | गुल्मी जिल्ला जोहांग गा.वि.स. ५ | १४२९९ |
| १५. | श्री निधानचन्द्र श्रेष्ठ | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ८ | १४३०१ |
| १६. | श्री नारायण अधिकारी | रुपन्देही जिल्ला पडसरी गा.वि.स. ५ | १४३०१ |
| १७. | श्री चिरन्जीवी ज्ञवाली | गुल्मी जिल्ला बलेटक्सार गा.वि.स. १ | १२११४ |
| १८. | श्री रामकिशन विश्वकर्मा | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ७ | १४३०१ |
| १९. | श्री प्रभात ज्ञवाली | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ९ | ६४३४ |
| २०. | श्री विष्णु कुमारी गुरुङ्ग | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका १२ | ६४३४ |
| २१. | श्री कुसुमराज ज्ञवाली | गुल्मी जिल्ला ग्वादी गा.वि.स.४ | १४२९९ |
| २२. | श्री कमल भण्डारी | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ८ | १४३०२ |
| २३. | श्री तेज बहादुर खत्री | गुल्मी जिल्ला दरवा देवीस्थान गा. वि.स. २ | १२८६७ |
| २४. | श्री तुलसीराम खनाल | स्याङ्गजा जिल्ला पकुवादी गा.वि.स. ५ | १४३०० |
| २५. | श्री सरोज कुमार पौडेल | मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. १० | १२५०० |

| | | | |
|---|---|---|---|
| २६. | श्री दिपकराज लम्साल | तनहु जिल्ला किहु गा.वि.स.८ | १४१५४ |
| २७. | श्री टेक बहादुर हिताङ्ग | अर्घाखाँची जिल्ला संधीखर्क ५ | १२८६७ |
| २८. | श्री प्रदिप कुमार थापा | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ५ | ३७५० |
| २९. | श्री रविलाल थापा | रुपन्देही जिल्ला पडसरी गा.वि.स. ३ | ७७२० |
| ३०. | श्री नारायण बहादुर विष्ट | पटना गा.वि.स ९ कपिलबस्तु | ६४३४ |
| ३१. | श्री केशव प्रसाद शर्मा | रुपन्देही जिल्ला सिद्धार्थनगर पालिका ८ | ५३७५ |
| ३२. | श्री शुशिल कुमार अर्याल | रुपन्देही जिल्ला चिल्हिया गा.वि.स.२ | ५००० |
| ३३. | श्री प्रमेश आचार्य | मकवापुर हेटौडा न.पा. ७ | ५७१९ |
| ३४. | श्री लोकनाथ नेपाल | पाल्पा जिल्ला पोखराथोक गा.वि.स. १ | ५७१८ |
| ३५. | श्री विष्णु थापा | पाल्पा जिल्ला बन्दीपोखरा गा.वि.स.८ | २५०० |
| ३६. | श्री निलम द्विवेदी | मोरङ्ग जिल्ला विराटनगर उपमहानगर पालिका १ | २८५९ |
| ३७. | श्री देवेन्द्र बहादुर राउत | भोजपूर जिल्ला सेलवा गा.वि.स. ९ | १४२९ |
| **जम्मा संस्थापक शेयर कित्ता** | | | ३,८५,००० |
| **जम्मा सर्वसाधारण शेयर कित्ता(कर्मचारी समेत)** | | | १,६५,००० |
| **जम्मा शेयर कित्ता** | | | ५,५०,००० |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

वित्तीय संस्थाको चुक्ता कुल साधारण शेयर संख्या ५,५०,००० कित्ताको पाँच शेयर बराबर नयाँ एक शेयर (५ : १) को अनुपातमा (अर्थात विद्यमान पाँच कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु.१००/–का दरले जम्मा १,१०,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा बार्षिक साधारण सभाले गरेको निर्णय :** वित्तीय संस्थाको पूँजी बृद्धि गर्न ५:१ (पाँच शेयर बराबर एक शेयर) बराबर हकप्रद शेयर जारी गर्ने निर्णय भयो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमासाधारण सभा सम्पन्न भएको मिति :** तेस्रो साधारण सभा सम्पन्न भएको मिति २०७४।१२।२१ गते बुधबार ।

**ञ) संचालकहरुको परिचय :**

वित्तीय संस्थाको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| क्र.सं. | नाम, ठेगाना | पद | समुह | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|---|
| १. | अनिता (ढुंगाना) शाह, चन्द्रेश्वर गा.वि.स.३ लम्जुङ्ग | अध्यक्ष | संस्थापक समुह | ४६ | नेपाली | १४३०० | स्नातकोत्तर | सेभ द चिल्ड्रेनमा २ वर्ष र USAID मा २०७३ मसिर देखि कार्यरत र विभिन्न आइएनजिओ मा २२ वर्षको अधिकृत स्तरिय कार्यानुभव । |
| २. | खड्ग बहादुर राना जोहाङ्ग गा.वि.स. ५, गुल्मी | सञ्चालक | संस्थापक समुह | ६४ | नेपाली | १४२९९ | स्नातक | नेपाल सरकार आन्तरिक राजश्व कार्यालयमा ३६ वर्ष ( मिति २०३१ देखि मिति २०६७सम्म) को कार्यानुभव । |
| ३. | लोकनाथ नेपाल पोखराथोक गा.वि.स. १, पाल्पा | सञ्चालक | संस्थापक समुह | ६४ | नेपाली | ५७१८ | स्नातक | कृषि विकास बैंकमा ३० वर्षको अधिकृत स्तरीय कार्यानुभव । |
| ४. | तुलसीराम खनाल पकवादी गा.वि.स. वडा नं. ५, स्याङ्गजा | सञ्चालक | संस्थापक समुह | ५४ | नेपाली | १४३०० | स्नातक | नेपाल सरकारको अधिकृत स्तरिय पदमा ५ बर्षको कार्यानुभव । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | केशव प्रसाद शर्मा सिद्धार्थ नगर नगरपालिका वडा नं. ८, रुपन्देही | सञ्चालक | संस्थापक समुह | ५३ | नेपाली | ५३७५ | स्नातक | बैंक तथा वित्तीय संस्थामा २२ बर्ष बढीको व्यवस्थापकिय स्तर सम्मको कार्यानुभव । |

नोट : सर्वसाधारणबाट प्रतिनिधित्व गर्ने संचालक २ जना नियुक्त हुन बाँकी रहेको र सर्वसाधारण समूहबाट संचालकको लागि उम्मेदवारी नपरेकोले सर्वसाधारण समूहबाट प्रतिनिधित्व नहुने समयसम्मको लागि संस्थापक समूहबाट थप १ जनाको प्रतिनिधित्व रहेकोले संचालकको संख्या ५ मात्र रहेको ।

**वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको विवरण :**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | कार्यानुभव |
|---|---|---|---|---|
| १. | प्रेम बहादुर पाठक | प्रमुख कार्यकारी अधिकृत | स्नातकोत्तर | निर्धन उत्थान बैंक लिमिटेडमा उच्च व्यवस्थापकीय तहमा विभिन्न विभागमा रही १६ वर्षको अनुभव सहित लघुवित्त क्षेत्रमा २१ बर्षको कार्यानुभव । |

**ट) संचालक समितिको बनौट :**

वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुको समूहबाट मनोनित वा निर्वाचित | ४ (चार) जना |
| सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गरी निर्वाचित | २ (दुई) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको पाँच शेयर बराबर एक शेयर (५ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन । दरखास्त साथ प्रति शेयर रु.१००।– को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंक वा तोकिएको संकलन केन्द्रमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।शेयरधनीहरुले आफ्नो हक भन्दा कम शेयरको लागि दरखास्त दिन सक्नेछन् ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विकी गर्ने सम्बन्धी व्यवस्था :** साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोकेबमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका (

खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्कभनेको ४ भएकोले) लागि प्रति शेयर रु १०० कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**ण) संगठित संस्थाको विगतको तथा आगामी ३ बर्षको प्रक्षपित वित्तिग विवरणका साथै नेटवर्थ :**

विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ ।

**वासलात** रु. हजारमा)

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/७६ | आ.ब. ०७६/७७ | आ.ब. ०७७/७८ |
| १. शेयर पूँजी | १५,४०० | ३०,८०० | ३८,५०० | ७७,२७५ | ९३,७७५ | १०४,७७५ | १०४,७७५ |
| २. जगेडा तथा कोषहरु | (४,३५९) | (२,१३८) | १४,८०७ | ११,७३१ | ३५,८६४ | ६५,९०३ | ९५,०६३ |
| ३. ऋणपत्र तथा बण्ड | - | - | - | - | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ३६,००० | २०६,५०० | ४६८,५५३ | ८५२,४२७ | ८५२,४२७ | ९८०,२९१ | १,१२७,३३४ |
| ५. निक्षेप दायित्व | ३,९६५ | ४४,९५२ | १५३,४०० | ३३३,५८० | ३५०,२५९ | ४९०,३६३ | ५८८,४३५ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - | - | - | - | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - | - | - | १,१७२ | - | - | - |
| ८. आयकर दायित्व | - | - | ६,३४६ | ८,८१० | ९,०२५ | १२,८७४ | १२,४९७ |
| ९. अन्य दायित्व | ७४६ | १,२८० | ८,४६३ | १९,४८९ | ९,३०९.७६ | ८,८८७ | १२,५६८ |
| **कुल दायित्व** | **५१,७५१** | **२८१,३९३** | **६९०,०६९** | **१,३०४,४८४** | **१,३५०,६६०** | **१,६६३,०९२** | **१,९४०,६७३** |

| सम्पत्ति | वास्तविक (रु. हजारमा) | | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/७६ | आ.ब. ०७६/७७ | आ.ब. ०७७/७८ |
| १. नगद मौज्दात | १११ | २९७ | २,५८८ | ३,२७० | १०६,७८५ | १५३,९८५ | १५२,७३१ |
| २ नेपाल राष्ट्र बैंकमा रहेको मोज्दात | २१० | १,४६० | ३२,०९० | २१,०९० | ४०,११३ | ५०,१४१ | ५२,६४८ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ९,६८८ | ४०,१२८ | ६२,१९० | २४२,७१२ | ११५,०५२ | १५५,३२० | १७०,८५२ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - | - | - | - | - |
| ५. लगानी | - | - | | १,००० | | | १,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १,००० | | १,००० | १,००० | |
| ६. कर्जा सापट तथा बिल खरिद | ३७,६२९ | २३४,७६९ | ५७७,८५९ | १,००१,८३८ | १,०५२,१३३ | १,२६२,५६० | १,५१५,०७२ |
| ७. स्थिर सम्पत्ति | ३,७८९ | ४,००४ | ६,६२६ | ७,८७९ | ८,२७३ | ८,६८६.२० | ९,१२०.५१ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - | - | - | - | - | - |
| ९. अन्य सम्पत्ति | ३२४ | ७३५ | ७,७१५ | २६,६९७ | २७,३०४ | ३१,४०० | ३९,२५० |
| **कुल सम्पत्ति** | **५१,७५१** | **२८१,३९३** | **६९०,०६९** | **१,३०४,४८४** | **१,३५०,६६०** | **१,६६३,०९२** | **१,९४०,६७३** |

**नाफा नोक्सान**

(रु. हजारमा)

| विवरण | वास्तविक (रु. हजारमा) | | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/७६ | आ.ब. ०७६/७७ | आ.ब. ०७७/७८ |
| १ व्याज आम्दानी | १,७०८ | २१,८०३ | ८६,६०४ | १५४,७३५ | १४९,५१७ | २२०,८४३ | २६२,६०२ |
| २ व्याज खर्च | ५८८ | ७,४२५ | ३५,१०० | ८९,६९६ | ७५,८६९ | १२५,६३९ | १४८,४०८ |
| **खुद ब्याज आम्दानी** | **१,१२०** | **१४,३७८** | **५१,५०४** | **६५,०३९** | **७३,६४८** | **९५,२०३** | **११४,१९३** |
| ३. कमिशन तथा डिस्काउण्ट | - | १०१ | ४४४ | - | - | - | - |
| ४. अन्य संचालन आम्दानी | ६९३ | ४,२५६ | ९,२०८ | ३०,२३१ | ३४,७६५ | ३८,२४२ | ४०,१५४ |
| ५. सटही घटबढ आम्दानी | | | | | - | - | - |
| **कुल संचालन आम्दानी** | **१,८१३** | **१८,७३६** | **६१,१५६** | **९५,२७०** | **१०८,४१३** | **१३३,४४५** | **१५४,३४७** |
| ६. कर्मचारी खर्च | २,६५० | ८,५९७ | २०,७४२ | ३६,७७९ | ४४,१३५ | ५२,९६२ | ६८,८५१ |
| ७. अन्य संचालन खर्च | २,८८३ | ५,७०४ | ११,३२९ | १९,७३० | २४,००४ | ३०,६७५ | ३६,५४९ |
| ८. सटही घटबढ नोक्सान | | | | - | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **(३,७१९)** | **४,४३४** | **२९,०८५** | **३८,७६०** | **४०,२७४** | **४९,८०८** | **४८,९४७** |
| ९. सम्भावित नोक्सानी | ३८० | १,९९१ | ३,६४१ | ७,२१० | ७,१८३ | २,६०४ | ३,१२५ |
| **संचालन मुनाफा/(नोक्सान)** | | | **२५,४४४** | | | | **४५,८२२** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (४,०९९) | २,४४३ | | ३१,५५० | ३३,०९१ | ४७,२०४ | |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - | - | - | - | - | - |
| ११.सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | - | - | १७५ | ७५२ | - | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | (४,०९९) | २,४४३ | **२५,६२०** | **३२,३०२** | **३३,०९१** | **४७,२०४** | **४५,८२२** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - | - | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | (४,०९९) | २,४४३ | **२५,६२०** | **३२,३०२** | **३३,०९१** | **४७,२०४** | **४५,८२२** |
| १३.कर्मचारी बोनस व्यवस्था | - | २२२ | २,३२९ | २,९३७ | ३,००८ | ४,२९१ | ४,१६६ |
| १४.आयकर व्यबस्था | - | - | ६,३४६ | ८,८१० | ९,०२५ | १२,८७४ | १२,४९७ |
| यस वर्षको | - | - | ६,३४६ | ८,८१० | ९,०२५ | १२,८७४ | १२,४९७ |
| गत वर्षको | - | - | - | - | - | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - | - | - | - | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | (४,०९९) | २,२२१ | **१६,९४५** | **२०,५५६** | **२१,०५८** | **३०,०३९** | **२९,१६०** |
| शेयर संख्या (हजारमा) | १५४ | ३०८ | ३८५ | ५५० | ९३८ | १,०४८ | १,०४८ |
| प्रति शेयर आम्दानी (रु.) | (२६.६२) | ७.२१ | ४४.०१ | २६.६० | २२.४६ | २८.६७ | २७.८३ |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| **विवरण** | **आ.ब. ०७५/७६** | **आ.ब. ०७६/७७** | **आ.ब. ०७७/७८** |
|---|---|---|---|
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | १२८.३३% | ४०.००% | २०.००% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ८२.४८% | २६.०४% | ४४.००% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ७९.९५% | ७७.८७% | ८०.०७% |
| ४. कुल आयमा औषत बृद्धिदर | १९१.४५% | १४०.५९% | ११६.८६% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | २१३.५१% | १४०.१४% | १२१.२६% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ३६.९८% | ३२.२८% | ३४.८१% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | २४.२७% | ४२.६५% | -२.९३% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ७.००% | ७.००% | ७.००% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १७.५०% | १७.००% | १७.००% |
| १०. आयकर ब्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | ०.६५% | ०.६५% | ०.६५% |
| लगानी मा प्रतिफल | - | - | - |
| अन्य संचालन खर्चका वृद्धिदर | १११.८९% | २७.७९% | १९.१५% |

| | | | |
|---|---|---|---|
| कर्मचारी खर्चमा बृद्धिदर | ११२.७८% | २०.००% | ३०.००% |
| % of Provision on Total Gross Loan | १.२२% | १.२२% | १.२२% |
| CRR | ११.९८% | १०.६७% | १०.९१% |
| SLR | १४.६६% | १४.१०% | १४.२१% |

## वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :

१. कर्जा तथा सापट:

संस्थाको आ.ब. २०७२।७३ को आषाढ मासन्तबाट आ.ब. २०७३।७४ को आशाढ मसान्त सम्ममा असल कर्जामा करिब १४६ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब. २०७४।७५ को चैत्र मसान्तसम्ममा करिब ५३ प्रतिशतको बृद्धि भएको र संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७४।७५, २०७५।७६ र २०७६।७७ मा क्रमस ६०, २० र २० प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस १७।५०, १७।०० र १७।०० प्रतिशत हुने अनुमान गरिएको छ ।

कर्जा तथा सापट को निक्षेप र प्राथमिक पुंजीको अनुपात (CD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरीएको छ । जस अनूरुप आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस ८४, ८१ र ८३ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि कुल कर्जा तथा सापटको क्रमस १।१५, १।१५ र १।१४ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

२. निक्षेप:

संस्थाको आ.ब. २०७२।७३ को आषाढ मासन्तबाट आ.ब. २०७३।७४ को आसाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग २४१ प्रतिसतको बृद्धि भएको तथा संस्थाको आ.ब. २०७४।७५ को चैत्रसम्ममा प्रतिशतले ८४ बृद्धि भएको तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७४।७५, २०७५।७६ र २०७६।७७ मा क्रमस ९३, ४० र २० प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस ७।००, ७।०० र ७।०० प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

३. तरलता:

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस ११।५१, १२।०२ र १२।३६ कायम हुने गरी लगानी प्रक्षेपण गरीएका छ ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस ५।६७, ६।४२ र ६।६६ कायम हुने गरी लगानी प्रक्षेपण गरीएका छ ।

४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागी छुट्याइएको छ ।

५. आउंदो वर्षहरुको लागी बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागी व्यवस्था गरिएको छ।

६. गत वर्षहरुको वास्तविक आंकडा तथा आउंदो वर्षको संचालन योजनाको आधारमा बैंक व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।

पुजि प्रयाप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरीएको छ । जस अनूरुप पुजिकोषको अनुपात आ.ब. २०७४।७५,

७. २०७५।७६ र २०७६।७७ को लागि क्रमस १०।६२, १२।७८ र १३।३४ प्रतिशत र प्राथमिक पुजिको अनुपात आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमस ९।६७, ११।८३ र १२।३९ प्रतिशत हुनेगरि प्रक्षेपण गरिएको छ ।

**कम्पनीको वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) :**

**(रु. हजारमा)**

| **विवरण** | **वास्तविक (रु. हजारमा)** | | | | **प्रक्षेपित(रु. हजारमा)** | | |
|---|---|---|---|---|---|---|---|
| | **आ.ब. ०७१/०७२** | **आ.ब. ०७२/०७३** | **आ.ब. ०७३/०७४** | **आ.ब. ०७४/०७५** | **आ.ब. ०७५/७६** | **आ.ब. ०७६/७७** | **आ.ब. ०७७/७८** |
| चुक्ता पुंजी | १५,४०० | ३०,८०० | ३८,५०० | ७७,२७५ | ९३,७७५ | १०४,७७५ | १०४,७७५ |
| जगेडा तथा कोषहरु | (४,३५९) | (२,१३८) | १४,८०७ | ११,७३१ | ३५,८६४ | ६५,९०३ | ९५,०६३ |
| **कुल** | **११,०४१** | **२८,६६२** | **५३,३०७** | **८९,००६** | **१२९,६३९** | **१७०,६७८** | **१९९,८३८** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **११,०४१** | **२८,६६२** | **५३,३०७** | **८९,००६** | **१२९,६३९** | **१७०,६७८** | **१९९,८३८** |
| शेयर संख्या (हजारमा) | १५४ | ३०८ | ३८५ | ७७३ | ९३८ | १,०४८ | १,०४८ |
| प्रति शेयर नेटवर्थ (रु.) | ७१.६९ | ९३.०६ | १३८.४६ | ११५.१८ | १३८.२४ | १६२.९० | १९०.७३ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | -३७.१३% | ७.७५% | ३१.७९% | २३.०९% | १६.२४% | १७.६०% | १४.५९% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | २३.६६% | | | | | |

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७५ आषाढ मसान्तको वासलात**

| **पूँजी तथा दायित्व** | **वास्तविक (रु. हजारमा)** |
|---|---|
| | **आ.ब. ०७४/०७५** |
| १. शेयर पूँजी | ७७,२७५ |
| २. जगेडा तथा कोषहरु | ११,७३१ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ८५२,४२७ |
| ५. निक्षेप दायित्व | ३३३,५८० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | १,१७२ |
| ८. आयकर दायित्व | ८,८१० |
| ९. अन्य दायित्व | १९,४८९ |
| **कुल दायित्व** | **१,३०४,४८४** |

| **सम्पत्ति** | **वास्तविक (रु. हजारमा)** |
|---|---|
| | **आ.ब. ०७४/०७५** |
| १. नगद मौज्दात | ३,२७० |

| | |
|---|---|
| २ नेपाल राष्ट्र बैंकमा रहेको मोज्दात | २१,०९० |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | २४२,७१२ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | १,००० |
| ६. कर्जा सापट तथा बिल खरिद | १,००१,८३८ |
| ७. स्थिर सम्पत्ति | ७,८७९ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | २६,६९७ |
| **कुल सम्पत्ति** | **१,३०४,४८४** |

**२०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| **विवरण** | **आ.ब. ०७४/०७५** |
|---|---|
| १ व्याज आम्दानी | १५४,७३५ |
| २ व्याज खर्च | ८९,६९६ |
| **खुद ब्याज आम्दानी** | **६५,०३९** |
| ३. कमिशन तथा डिस्काउण्ट | - |
| ४. अन्य संचालन आम्दानी | ३०,२३१ |
| ५. सटही घटबढ आम्दानी | |
| **कुल संचालन आम्दानी** | **९५,२७०** |
| ६. कर्मचारी खर्च | ३६,७७९ |
| ७. अन्य संचालन खर्च | १९,७३० |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **३८,७६०** |
| ९. सम्भावित नोक्सानी | ७,२१० |
| **संचालन मुनाफा/(नोक्सान)** | **३१,५५०** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ७५२ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **३२,३०२** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **३२,३०२** |
| १३.कर्मचारी बोनस व्यवस्था | २,९३७ |
| १४.आयकर ब्यबस्था | *८,८१०* |
| यस वर्षको | ८,८१० |
| गत वर्षको | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - |
| **खुद मुनाफा/(नोक्सान)** | **२०,५५६** |
| शेयर संख्या (हजारमा) | ५५० |

| प्रति शेयर आम्दानी (रु.) | ४९.८३ |
|---|---|

त(१) **आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्ने** :माइक्रोफाइनान्स वित्तीय संस्थाको आर्थिक वर्ष समाप्त भएको मितिबाट असोज मसान्त सम्ममा अन्य कुनै घटना नरहेको र आ.व. २०७५/७६को पौष मसान्तको व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण तल उल्लेख गरिएको ।

**वासलात**

**(रु. हजारमा)**

| विवरण | वास्तविक आ.ब.०७५/०७६* (पौष मसान्त) |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| १. शेयर पूंजी | ७७,२७५ |
| २. जगेडा कोषहरु | २९,१५६ |
| ३. ऋणपत्र तथा वन्ड | - |
| ४. तिर्न वांकी कर्जा तथा सापट | १,०९६,२५५ |
| ५. निक्षेप दायित्व | ४४५,१८२ |
| ६. भुक्तानी दिनु पर्ने विलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन वांकी लाभांश | - |
| ८. आयकर दायित्व | ९,०५३ |
| ९. अन्य दायित्व | ३४,७१० |
| **कुल दायित्व** | **१,६९१,६३१** |
| **सम्पत्ती** | |
| १. नगद मौज्दात | ४१८,३५३ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | - |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | १,००० |
| ६. कर्जा सापट तथा विल खरिद | १,२४४,१२६ |
| ७. स्थिर सम्पत्ती | ९,१८६ |
| ८. गैर वैंकिंग सम्पत्ती | - |
| ९. अन्य सम्पत्ती | १८,९६५ |
| **कुल सम्पत्ती** | **१,६९१,६३१** |

***आर्थिक वर्ष २०७५/०७६ पौष मसान्त सम्मको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण**

**नाफा नोक्सान**

**(रु. हजारमा)**

| | विवरण | आ.व. ७५/७६ पौष मसान्त |
|---|---|---|
| १ | ब्याज आम्दानी | ११७,६०७ |
| २ | ब्याज खर्च | ६६,५५७ |
| | **खूद ब्याज आम्दानी** | **५१,०५०** |
| ३ | कमिशन तथा डिस्काउण्ट | ५११ |
| ४ | अन्य संचालन आम्दानी | १९,७०८ |
| ५ | सटही घटबढ आम्दानी | |
| | **कूल संचालन आम्दानी** | **७१,२६९** |
| ६ | कर्मचारी खर्च | २२,४५५ |

| | | |
|---|---|---|
| ७ | अन्य संचालन खर्च | ९,७८६ |
| ८ | सटही घटबढ नोक्सान | |
| | **संम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मूनाफा** | **३९,०२८** |
| ९ | सम्भावित नोक्सानी व्यबस्थाहरु | ६,१०९ |
| | **संञ्चालन मूनाफा** | **३२,९१९** |
| १० | गैर सञ्चालन आम्दानी / नोक्सान | - |
| ११ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २७७ |
| | **नियमित कारोवारबाट भएको मुनाफा** | **३३,१९६** |
| १२ | असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | - |
| | **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **३३,१९६** |
| १३ | कर्मचारी बोनस ब्यबस्था | ३,०१८ |
| १४ | आयकर ब्यबस्था | ९,०५३ |
| | यस वर्षको | - |
| | गत वर्षको | - |
| | **खूद नाफा/नोक्सान** | २१,१२५ |

**त(२) धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमाउल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसायसंचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी ताँत्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गर्नेछौं ।

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभाबित जोखिमहरु :**

क) नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
छ) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
ज) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाल बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
ञ) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा भारतीय मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक

प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न वित्तीय संस्थाले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ ।**

क) आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई सदस्यमुखी सेवाहरु प्रदान गर्ने छ ।

ख) मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि वित्तीय संस्थाले प्रभावकारी कर्जा अनुगमन नीति अवलम्वन गरेको छ ।

ग) त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसार आधुनिक प्रविधि अपानाउने, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा अनुरोध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात धितोपत्र बिनिमय बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :**

वित्तीय संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा ३० दिनभित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय रुपन्देही तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण**

प्रत्याभुत नगरिएको ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

वित्तीय संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको ५ : १ को अनुपातमा (विद्यमान ५ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा वित्तीय संस्थाद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त आवेदकको पुरा नाम (अंग्रेजी र नेपाली दुवैमा)

घ) दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फाराममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि वित्तीय संस्थाको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालाना गर्नुपर्ने कुराहरु :**

हक हस्तान्तरण सम्वन्धि व्यवस्था नभएको ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) वित्तीय संस्थाको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था श्री प्रमोद पन्थी एण्ड एशोसियट्स रूपन्देहीका सिए प्रमोद पन्थी रहेकाछन । आर्थिक बर्ष २०७३।७४ को लेखापरिक्षकको प्रतिबेदन यस विवरणको अनुसूची–१ मा उल्लेख गरिएको छ ।

ख) वित्तीय संस्थाको कम्पनी सचिवमा श्री प्रेम बहादुर पाठक रहनुभएको छ ।

ग) वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा ब्यबसायिक संस्था श्री आर.के.एस. एण्ड एसोसियट्सका तर्फवाट सि.ए. राजेश कुमार साहले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" ब्यबसायिक संस्था सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**१. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

क) नेपाल राष्ट्र बैंकको स्वीकृति अनुसार यस वित्तीय संस्थाले आफ्नो जारी पूंजी रु ६ करोड ६० लाख हुने गरी आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूंजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको ।

ख) वित्तीय संस्थाको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा पाँच शेयर वरावर एक शेयर ( ५:१) को अनुपातमा हकप्रद शेयर निष्काशन गरि वित्तीय संस्थालाई आवश्यक पर्ने पुँजी संकलन गर्ने ।

ग) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूंजी संकलन गर्न ।

घ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।

ङ) नेपाल राष्ट्र बैंक बाट लघुवित्त वित्तिय संस्थालाई जारी गरेको निर्देशन अनुसार यस वित्तीय संस्थाले कुल पूँजीकोष ८ प्रतिशत कायम गर्नुपर्दछ । त्यस्तै, नेपाल राष्ट्र बैंकले जारी गरेको वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्ने तथा लाभांश स्वीकृत गर्ने सम्बन्धि कार्यविधि-२०७२ अनुसार लघुवित्त संस्थाको हकमा ८ प्रतिशत वा सो भन्दा बढी पूँजीकोष कायम गरेमा मात्रै नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्विकृति दिने व्यवस्था रहेको छ ।

तसर्थ पूँजीकोष अनुपात निर्धारण सुत्रानुसार यस वित्तिय संस्थाले आ.व. ०७३/०७४ को अषाढ मसान्तमा कायम गरेको पूँजीकोष १०.१५ प्रतिशत रहेकोमा आर्थिक बर्ष ०७४/०७५ को पौष मसान्तमा पूँजीकोष घट्न गई ८.७२ प्रतिशत कायम हुन आयो, सर्वसाधारण शेयर जारी पश्चात आर्थिक बर्ष ०७४/०७५ को अषाढ मसान्तमा पूँजीकोष ९.०६ प्रतिशत कायम भएता पनि हाल बढ्दो व्यवसायिक कारोबारका कारणले चालु आर्थिक वर्ष ०७५/०७६ को असोज मसान्त सम्म पूँजीकोष ८.९८ प्रतिशत कायम हुन आएको छ । तसर्थ, यस वित्तीय संस्थाले नियमक निकायले गरेको व्यवस्था अनुकुल व्यावसायिक कारोबार बृद्धि अनुरुपको प्रक्षपण गरी हकप्रद शेयर निष्काशन गर्ने प्रक्रियाको योजना तय गरेको छ ।

**२. हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" वमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) विगतमा यस वित्तीय संस्थाले हासिल गरेको आर्थिक वृद्धिदरलाई कायम राख्न, संस्थालाई वित्तीय हिसावले मजवुत राखि राख्न र देशको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने परियोजनाहरु लगायतका ग्रामीण क्षेत्रमा विभिन्न क्षेत्रमा लगानी गर्न सक्ने गरि पूँजी वृद्धि गरि इजाजत प्राप्त संस्थाकोनिक्षेप तथा लगानीको सीमा अभिवृद्धि गर्नु पर्ने अवस्था रहेको,

ख) सो को लागि वित्तीय संस्थाले आफ्नो पूँजी वृद्धि गरी वित्तीय क्षेत्रमा बढ्दै गइरहेको प्रतिस्पर्धामा समेतलाई ध्यानमा राखि वित्तीय संस्थाको स्थितिलाई अझ मजबुद बनाउन ।

ग) सो अनुसार वित्तीय संस्थाको चुक्ता पुंजी हाललाई रु. ५,५०,००,०००/- पुर्‍याउनको लागि हाल कायम चुक्ता पुंजी रु. ५,५०,००,०००/- रहेकोमा न्युनतम ५ : १ को अनुपातमा हकप्रद शेयर जारी गर्नु पर्ने अवस्था रहेको ।

घ) वित्तीय संस्थाले शेयरधनीहरुलाई लगानीमा समय सापेक्ष रुपमा उचित प्रतिफल प्रदान गर्दै आएको, उक्त प्रतिफल पुंजीको उपयोगको हिसावले औचित्यपूर्ण रहेकोले ५ : १ को अनुपातलाई उचित मान्न सकिने अवस्था रहेको ।

**३. निष्काशन बाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछ :

| सि.नं. | शिर्षक | अनुमानित रकम (रु हजारमा) |
|---|---|---|
| १ | तरलता/बैंक तथा वित्तीय संस्थामा राखिने मौज्दात | ६०० |
| २ | शाखा विस्तार तथा भौतिक पुर्वाधार निर्माण | ५०० |
| ३ | कर्जा लगानी - पशुपालन तथा कृषि उत्पादन | ३००० |
| ४ | कर्जा लगानी - खुद्रा व्यापार तथा सेवा व्यवसाय | ४४०० |
| ५ | कर्जा लगानी - साना तथा घरेलु उद्योग व्यवसाय | २५०० |
| | **जम्मा** | ११००० |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैतिस दिनका लागि खुल्ला राखिनेछ । हकप्रद शेयर बिक्री खुल्ला अवधी भित्र सबै धितोपत्र बिक्री नभएमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम

१८ बमोजिम बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, सि.न.पा. १२, रुपन्देही । तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु । |
| २. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३ | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको वेभसाइट www.unnatimfi.com.np धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडको वेभसाइट www.siddharthacapital.com मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सिद्धार्थ क्यापिटल लिमिटेड तथा उन्नति माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको website मा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक(Bankers to the Issue):**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue)को रुपमा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मितिभन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**

वित्तीय संस्थाले आफूले गर्ने व्यवसायसँग सम्बन्धीत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण बित्तीय संस्थाको रहेको छ । यस वित्तिय संस्था कम्पनी रजिष्ट्रार कार्यलयको मिति २०७५।०६।१० को पत्रानुसार आ.व. २०७३/०७४ सम्म कम्पनी अद्यावधिक भएको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम बित्तीय संस्थाका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको वित्तीय संस्थाको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो।

**श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक बर्षमा भएको वित्तीय संस्थाको शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या(हजारमा) |
|---|---|---|---|---|
| ०७१/०७२ | कारोबार नभएको | | | |
| ०७२/०७३ | | | | |
| ०७३/०७४ | | | | |

नोटः उन्नति माइक्रोफाइनान्स लिमिटेको शेयर कारोवार आ.व. २०७४।०७५ बाट मात्र शुरु भएकोले आर्थिक वर्ष ०७१/०७२, ०७२/७३ र ०७३/०७४ को शेयर कारोवार विवरण उल्लेख नगरिएको ।

आ.ब.२०७४/०७५ को पछिल्लो तीन महिनामा भएको वित्तीय संस्थाको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य ( रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| २०७५ असोज | १८०५ | १६१० | १६८९ | ३२९३ |
| २०७५ कार्तिक | १७८० | १५५३ | १७३५ | ४४२३ |
| २०७५ मंसिर | १७३५ | १४३३ | १५४५ | ३८०० |

नोटः वित्तीय संस्थाको अद्यावधिक बजार मुल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर/परिपत्र विधिबाट निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।**

| क्र.स. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | अनिता (ढुंगाना) शाह | अध्यक्ष | |
| २. | खड्ग बहादुर राना | संचालक | |
| ३. | लोकनाथ नेपाल | संचालक | |
| ४. | तुलसीराम खनाल | संचालक | |
| ५. | केशव प्रसाद शर्मा | संचालक | |

**(स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेनस् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।